प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०९/१२

(बेलुका ५:०० बजे)

### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७१%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २५८१८१(१००%) | १४१२६४(१००%) |
| निको भएको | २४९८६३(९६.८%) | १३६४६४(९६.६०%) |
| उपचाररत | ६७९३(२.५१%) | ३८९६(२.७५१%) |
| मृत्यु भएको | १८२५(०.७०%) | ९०४(०.६३%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०९/०१०

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०९/१२

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्या:

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छ:

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ६२ | २० | ८२ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | २५ | ० | २५ |

## ❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छ:

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाडौँ | ४ | ४ पुरुष |
| रामेछाप | १ | १ महिला |
| जम्मा – ५ | | |

## ❖ निधनको विवरण निम्न बमोजिम रहेको छ:

- काठमाडौँका ६८ वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर ९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर २५ गते निधन भएको छ । उहाँको मंशिर १९ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई उच्चरक्त चाप रोगको समेत समस्या थियो।)

- काठमाडौँका ८७ वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर २६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १० गते निधन भएको छ । उहाँको मंशिर २३ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई उच्चरक्त चाप र दम रोगको समेत समस्या थियो।)

- काठमाडौँका ६० वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले पौष ११ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १२ गते निधन भएको छ । उहाँको पौष ११ गते कोभिड-१९ पुष्टि भएको थियो।

- काठमाडौँका ८१ वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले मंशिर २९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १२ गते निधन भएको छ । उहाँको मंशिर २८ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई चिनी र उच्चरक्त चाप रोगको समेत समस्या थियो।) • रामेछापकी ३८ वर्षिया महिला कोभिड, निमोनिया र स्वासप्रस्वासमा समस्याका कारणले पौष ३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष ११ गते निधन भएको छ । उहाँको पौष ७ गते कोभिड-२९ पुष्टि भएको थियो।

- उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २२१ जना बसिरहनुभएको छ भने ६९९ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७०७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २५७४ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १२९२ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १०४९५१५ जनाको पिसिआर परिक्षण गरिएको छ ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | संस्थागत आइसोलेशनमा बसेका | कै |
|---|---|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | | |
| काठमाण्डौ | ५८०९९८ | ९६२४९ | १७५ | २१७४ | |
| ललितपुर | २६२०६१ | १५११७ | २७ | २०८ | |
| भक्तपुर | २३६१४ | ८७५७ | ६ | ७५ | |
| रसुवा | ३३७३ | २१२ | १ | ० | |
| नुवाकोट | ९७७८ | १४२३ | ४ | ० | |
| धादिङ | ६२७७ | १६८० | ७ | १ | |
| चितवन | ६४०६९ | ७३१० | २० | २४ | |
| सिन्धुली | ४१८२ड | ५६२ | १ | २ | |
| मकवानपुर | ३४००४ | ४२९७ | ७ | १ | |
| रामेछाप | ३०१० | ५३९ | १ | १२ | |
| दोलखा | ३२७७ड | ७१८ | २ | २९ | |
| काभ्रेपलान्चोक | ४८२११ | ३४३२ | ३ | ४६ | |
| सिन्धुपाल्चोक | ६६६१ | ९६८ | | २ | |
| जम्मा | १०४९५१५ | १४१२६४ | २५४ | २५७४ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र

अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

❖ **प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण**

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| **प्रयोगशाला** | **हालसम्म प्राप्त स्वाबको संख्या** | **आज प्राप्त स्वाब सं - ख्या** | **आज परिक्षण भएको स्वाबको संख्या** | **आज परिक्षण भएको स्वाबको नतिजा** | | **कै** |
|---|---|---|---|---|---|---|
| | | | | **पोजिटिभ** | **नेगेटिभ** | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३३९३२ | ३२ | ३२ | मकवानपुर- ९ | २३ | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १६९८४ | ४८ | ५६ | काभ्रेपलान्चोक -९<br>भक्तपुर - १<br>दोलखा - ५ | ४१ | |
| त्रिशुली, नुवाकोट प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३४८५ | ३५ | ३५ | रसुवा - १<br>नुवाकोट - १<br>धादिंग - ५<br>फलोअप- ४ | २४ | |
| भक्तपुरको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १०९४ | २६ | २६ | काठमाडौं - २<br>भक्तपुर - १<br>फलोअप- १ | २२ | |

❖ **कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः**

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड-१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई